**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा (५) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

# स्वतः प्रकाशन
# (Proactive Disclosure)

२०८1 माघ देखी असार सम्म


परिषद् मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा
मो.नं. ९८५४०२११८२,९८५४०२११८३
इमेलःctevt.province2@gmail.com,ctevtp2prasasan@gmail.com
वेबसाइटःwww.ctevtp2.org.np

# विषयसूचि


1 परिषद् मधेश प्रदेश कार्यालयको स्वरुप र प्रकृती ........ 1

2 परिषद् मधेश प्रदेश कार्यालयको काम, कर्तव्य र अधिकार ........ 1

3 परिषद् मधेश प्रदेश कार्यालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण ........ 3

3.1 संगठन संरचना ........ 3

3.2 कर्मचारी संख्या ........ 3

3.3 कार्य विवरण ........ 3

**3.3.1** परिषद् मधेश प्रदेश कार्यालयको शाखाहरुको कार्य विवरण ........ 3

4 परिषद् मधेश प्रदेश कार्यालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि ........ 4

5 निर्णय गर्ने प्रकृया र अधिकारी ........ 5

6 निर्णय उपर गुनासो सुन्ने अधिकारी ........ 5

7 सेवा प्रदान गर्ने परिषद् मधेश प्रदेश कार्यालयको शाखा र जिम्मेवार अधिकारी ........ 5

8 सम्पादन भएका मुख्य कार्यहरुको विवरण ........ 6

9 सूचना अधिकारी र कार्यालय प्रमुखको नाम, पद तथा सम्पर्क नं. ........ 8

10 ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड ........ 8

11 आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ 10

12 परिषद् मधेश प्रदेश कार्यालयको वेबसाइट ........ 10

13 परिषद् मधेश प्रदेश कार्यालयको सूचना तथा जानकारी प्रकाशन हुने अन्य स्थानको विवरण ........ 11

14 सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ........ 11

अनुसूची १ :नागरिक बडापत्र ........ 12

अनुसुची २ :परिषद् मधेश प्रदेश कार्यालयको बार्षिक प्रगती विवरण ........ 15

# 1 परिषद् मधेश प्रदेश कार्यालयको स्वरुप र प्रकृती

आधारभुत, मध्यमस्तरीय तथा उच्चस्तरिय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम एक स्वायत्त संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई मार्ग दर्शन प्रदान गरी सुव्यवस्थित ढंगले सञ्चालन गर्नका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा २३ सदस्यिय सभा र ९ सदस्यिय परिषद्को व्यवस्था ऐनमा गरिएको छ।

परिषद्का मुख्य कार्यहरूमा राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारको मागलाई सम्बोधन गर्ने गरी दक्ष प्राविधिक जनशक्ति उत्पादन, औपचारिक, अनौपचारिक तथा अतिरिक्त पद्धतिबाट हासिल गरेका सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, पाठ्यक्रम निर्माण, स्तर निर्धारण तथा सम्बन्धन, गुणस्तर सुनिश्चितता र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम का सरोकारवालाहरू सँग समन्वय रहेका छन्। यसका अतिरिक्त परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकास तथा विस्तारमा समतामूलक पहुँचको सुनिश्चितता, प्रशिक्षकहरूको क्षमता विकास, अध्ययन तथा अनुसन्धान जस्ता कार्यहरू समेत गर्दै आइरहेको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०७५/१०/०८ गतेको निर्णयानुसार प्रदेश कार्यालयको स्थापना भएको हो | यस प्रदेश कार्यालयमा प्रशासन, परिक्षा, तालिम र  प्राविधिक शाखाहरुमा कामकाज भईरहेको छ |

# 2 परिषद् मधेश प्रदेश कार्यालयको काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयको मिति २०७५/१०/०८ गतेको निर्णयानुसार परिषद्को प्रादेशिक तहबाट देहाय बमोजिमको कार्य बिबरणहरु तोकिएको हुदा सोहि बमोजिम कार्यहरु सम्पादन तथा व्यवस्थापन गर्दै आईरहेको छ |

1. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको नीति निर्माणका लागि परिषद् कार्यालयलाई सुझाव उपलब्ध गराउने |
2. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास तथा विस्तारका लागि प्रदेश सरकारलाई परामर्श एवं आवश्यक सहयोग उपलब्ध गराउने |
3. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको प्रादेशिका अवश्यकता पहिचान, सम्भाव्यता अध्ययन, विकास, विस्तार, नीति योजना तयार गर्न सहयोग गर्ने गराउने |

4. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम संचालनका लागि प्रादेशिक रणनीति र अल्पकालिन तथा दिर्घकालीन योजनाहरु तर्जुमा गर्ने |
5. निम्न तथा मध्यमस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम संचालन गर्न आवश्यक सहयोग गर्ने गराउने |
6. औधोगिक तथा कार्यस्थलको तालिम संचालन गर्ने गराउने |
7. परिषद्को परिक्षा नियन्त्रण कार्यालयको नीति निर्देशन तथा समन्वयमा परिक्षा व्यवस्थापन तथा संचालन कार्य गर्ने गराउने |
8. राष्ट्रिय सीप परिक्षणको नीति निर्देशन तथा समन्वयमा सीप परिक्षण व्यवस्थापन तथा संचालन कार्य गर्ने गराउने |
9. प्रदेश अन्तर्गतका कार्यक्रमहरुको गुणस्तर सुनिस्चितताका लागि प्रभावकारी सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन गर्ने गराउने |
10. प्रभावकारी तथा रोजगारमुलक तालिम व्यवस्थापन तथा संचालनका लागि तालिम प्रदायक संस्था एवं अन्य सरोकारवाला पक्षबीच समन्वय गर्ने गराउने |
11. जनशक्ति प्रक्षेपण र रोजगारी सुनिस्चितताका लागि श्रम बजार सर्भेक्षण एवं अध्ययन अनुसन्धान गर्ने गराउने |
12. प्रभावकारी तथा रोजगारमुलक तालिम व्यवस्थापन तथा संचालनका लागि श्रोत साधन जुटाई परिचालन गर्ने गराउने |
13. प्रदेश तहमा गरिब तथा जेहेन्दार, सिमान्तकृत समुदाय, महिला, जनजाती, दलित, मधेशी, शहिद परिवारका बालबालिकाहरुलाई प्राविधिक शिक्षाको सरल र सहज पहुचका साथै निरन्तरताका लागि आवश्यक छात्रवृत्तीका व्यबस्था गरि कार्यन्वयन गर्ने गराउने |
14. प्रदेश शिक्षा तथा संस्कृति मन्त्रालयमा विनियोजित बजेट निकाशा लिने र कार्यक्रममा उल्लेख भए अनुसार कार्यक्रम कार्यन्वयन गर्नुका साथै शिक्षालय, पोलिटेक्निक इनिष्टच्युट र तालीम केन्द्रका लागि तोकिएको बजेट निकाशा पठाउने |
15. शिक्षालय, पोलिटेक्निक इनिष्टच्युट र तालीम केन्द्रबाट आवधिक रुपमा कार्य प्रगति विवरण लिई प्रदेश सरकार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयमा पठाउने |
16. परिषद्को आर्थिक प्रशासन सम्बन्धि विनियमावली र प्रचलित कानुन बमोजिम आर्थिक कारोबारहरु संचालन गर्ने लेखा प्रणाली अधावधिक राख्ने, प्रतिवेदन तयार गर्ने, लेखा परिक्षण गराउने र लेखा परिक्षण गर्दा औल्याइएका पक्षहरुको निराकरण र बेरुजु फछर्यौट गर्ने गराउने |
17. प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालयसँग आवश्यक समन्वय गरी प्रदेश कार्यालयको व्यवस्थापन गर्ने कार्यालयको लोगो, छाप र लेटर प्याड प्रयोग गर्ने |
18. परिषद् कार्यालय र प्रदेश सरकार, शिक्षा तथा सामाजिक मन्त्रालयको निर्देशन अनुसार तोकिएका तथा अन्य कार्यहरु गर्ने गराउने |

# 3 परिषद् मधेश प्रदेश कार्यालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

## 3.1 संगठन संरचना

क) संगठन संरचना तयार नभएको |

ख) स्थायी सेवामा कार्यरत कर्मचारी संख्या ९ जना

ग) करार सेवामा कार्यरत कर्मचारी संख्या १२ जना

## 3.2 कर्मचारी संख्या

परिषद् मधेश प्रदेश कार्यालयको PLMBS अनुसारको दरबन्दी संख्या १७ जना रहेको छ |

## 3.3 कार्य विवरण

### 3.3.1 परिषद् मधेश प्रदेश कार्यालयको शाखाहरुको कार्य विवरण

यस मधेश प्रदेश कार्यालय जनकपुरधाम, धनुषामा कर्मचारीको संख्या न्यून र कार्यबोझ अधिक भएकोले समयमै काम सम्पन्न गर्न र कर्मचारीको सहजताको लागि ४ वटा बिभिन्न शाखामा बिभाजन गरिएको छ | यस कार्यालयमा रहेका ४ वटा शाखाहरूको कार्य विवरण देहाय बमोजिम रहेको छ।

**(क) प्रशासन शाखा**

- प्रशासन तथा आर्थिक व्यवस्था सम्बन्धी दैनिक काम गर्ने।
- मानविय संसाधनको व्यवस्थापन गर्ने।
- परिषद् मधेश प्रदेश कार्यालय तथा यस अन्तर्गतका आंगिक शिक्षालयहरूमा कर्मचारीहरूको व्यवस्था तथा सुपरिवेक्षण गर्ने।
- सम्पत्ति व्यवस्थापन तथा अन्य व्यवस्थापकिय कामहरू गर्ने।

**(ख) प्राविधिक शाखा**

- यस कार्यालय अन्तर्गतका बिभिन्न शिक्षालय÷संस्थाहरूको गुणस्तर कायम राख्न अनुगमन गर्ने।
- गुणस्तरयुक्त प्रशिक्षणका लागि प्राविधिक शिक्षालयको निरीक्षण गर्ने।
- प्राविधिक सर-सल्लाह तथा सुझावहरू उपलब्ध गराउने।
- तालीम कार्यक्रमहरूको मूल्याङ्कन गर्ने।

### (ग) तालीम शाखा

- परिषद् मधेश प्रदेश कार्यालय अन्तर्गतका तालीम केन्द्रको अनुगमन गर्ने र निजी स्तरका संस्थाहरू द्वारा संचालित छोटो अवधिका तालिममा गुणस्तर सुनिश्चितताका लागि समन्वय गर्ने।
- प्रदेशभरी नै व्यावसायिक तालीम तथा सामुदायिक विकासका कार्यक्रमहरू क्रमबद्ध रुपमा विस्तार गर्दै लैजाने।
- सम्बन्धन प्राप्त छोटो अवधिको तालीम प्रदायक संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने।
- राष्ट्रिय सिप परिक्षण समितिको कार्यतालिका अनुसार फारम संकलन , डाटा इन्ट्री, सिप परिक्षा संचालन गरी तह १ को नतिजा तयार गरि राष्ट्रिय सिप परिक्षण समितिमा पठाउने |

### (घ) परीक्षा शाखा

- परिक्षा नियन्त्रण कार्यालयको कार्य योजना बमोजिम कामकाज गर्ने गराउने |
- प्रि-डिप्लोमा र डिप्लोमा तहको प्रवेश परीक्षा, अन्तिम / सेमेष्टर परीक्षा र प्रयोगात्मक परीक्षा संचालन तथा व्यबस्थापन गर्ने/गराउने।
- प्रि डिप्लोमा तर्फको कार्यक्रमहरुको नतिजा प्रकाशन गरि, परीक्षामा सफल भएका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्रहरु वितरण गर्ने/गराउने।
- पूनर्योग फारम संकलन गरी पठाउने |
- परिषद् अन्तर्गत तथा परिषद्बाट सम्बन्धन प्राप्त गरी संचालन गरिएका आंगिक,साझेदारी, TECS र निजी स्तरका शिक्षालय / विधालयहरूलाई परीक्षा प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यशाला (Orientation workshop) सञ्चालन गर्ने/गराउने।

## 4 परिषद् मधेश प्रदेश कार्यालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिमका कार्यक्षेत्र सम्बद्ध तथा नेपाल सरकारको प्रचलित कानूनहरू द्वारा तोकिएका कार्यहरूसँग सम्बन्धित सेवाहरू परिषद्ले प्रदान गर्दै आइरहेको छ। सूचनाका सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम र विशेष कानुनले अवधि तोकेकोमा सोही बमोजिम परिषद् कार्यालयले सेवा प्रदान गर्ने गर्दछ। परिषद् मधेश प्रदेश कार्यालयको नागरिक बडापत्र अनुसूची १ मा उल्लेख गरिएको छ।

## 5 निर्णय गर्ने प्रकृया र अधिकारी

सम्बन्धित अधिकारीले विषयको प्रकृति हेरी कार्यालय प्रमुखबाट कारबाही अगाडि बढाउने गरिएको छ।

## 6 निर्णय उपर गुनासो सुन्ने अधिकारी

निर्देशक श्री नागेन्द्र शाह

## 7 सेवा प्रदान गर्ने परिषद् मधेश प्रदेश कार्यालयको शाखा र जिम्मेवार अधिकारी

परिषद् मधेश प्रदेश कार्यालय अन्तर्गत देहाय बमोजिमको शाखा तथा कार्यालयहरूको व्यवस्था गरिएको छ। यहाँ परिषद्का शाखा तथा कार्यालय र जिम्मेवार अधिकारीको विवरण प्रस्तुत गरिएको छ।

| क्र.सं. | शाखा/कार्यालय | जिम्मेवार अधिकारी | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १. | परिषद् मधेश प्रदेश कार्यालय | निर्देशक | श्री नागेन्द्र शाह |
| २. | प्राविधिक शाखा र तालिम शाखा | उप-निर्देशक | श्री वीरेन्द्र वावु यादव |
| ३. | परीक्षा शाखा | उप-निर्देशक | श्री इन्द्र प्रसाद आचार्य |
| ४. | परीक्षा शाखा | सूचना अधिकारी | श्री सत्य देव पंडित |
| ५. | प्रशासन तथा लेखा शाखा | लेखापाल | श्री प्रमोद पौडेल |

यस प्रदेश कार्यालय अन्तर्गत संचालित आंगिक शिक्षालयहरु यस प्रकार रहेकाछन्।

| क्र.सं. | प्रदेश | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | बि.पी स्मृति बहुप्राविधिक शिक्षालय | सपही,जनकपुर | ९८५४०२९७३२ |
| २ | लहान बहुप्राविधिक शिक्षालय | लहान, सिरहा | ०३३-५६३६१५,<br>९८५२८३२११५ |
| ३ | सन्त अल्पमाई रामनारायण यादव बहुप्राविधिक शिक्षालय | मलंगवा, सर्लाही | ०४६-५२१४३५<br>९८५४०६५५६५ |
| ४ | गौर बहुप्राविधिक शिक्षालय | गौर, रौतहट | ९८५५०४२१४४ |
| ५ | जयकिसान बहुप्राविधिक शिक्षालय | धरहरी, रौतहट | ९८५५०४४५२९ |
| ६ | निर्मल लामा बहुप्राविधिक शिक्षालय | बर्दिवास, महोत्तरी | ९८५४०२०३४१ |
| ७ | बलरा बहुप्राविधिक शिक्षालय | बलरा, सर्लाही | ९८५४०४४०२० |
| ८ | प्रसौनी बहुप्राविधिक शिक्षालय | प्रसौनी, बारा | ९८५५०२६८०७<br>९८५५०१७०४१ |

## 8 सम्पादन भएका मुख्य कार्यहरुको विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, मधेश प्रदेश कार्यालय,जनकपुरधाम, धनुषाबाट २०८१ कार्तिक महिनादेखि 2081 माघ सम्म सम्पादन भएका मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्।

- शैक्षिक सत्र २०८१/८२ को डिप्लोमा/ प्रमाणपत्र तहको वर्गीकृत निशुल्क छात्रवृतिको प्रवेश परिक्षा संचालन, नतिजा प्रकाशन र भर्ना सम्बन्धि कार्य भएको।
- शैक्षिक सत्र २०८१/८२ को प्रि-डिप्लोमा तहको वर्गीकृत निशुल्क छात्रवृतिको प्रवेश परिक्षा संचालन, नतिजा प्रकाशन र भर्ना सम्बन्धि कार्य भएको।
- शैक्षिक सत्र २०८१/८२ को डिप्लोमा/ प्रमाणपत्र तहको पूर्ण शुल्किय स्वास्थ्य तर्फको नार्सिंग, सामान्य चिकित्सा, फार्मेसी र मिडवाईफ्री को प्रवेश परिक्षा संचालन नतिजा प्रकाशन र भर्ना सम्बन्धि कार्य भएको।
- शैक्षिक सत्र २०८१/८२ को प्रि-डिप्लोमा तथा डिप्लोमा/ प्रमाणपत्र तहका कार्यक्रमहरुमा दलित,मुस्लिम, बिपन्न र सिमान्तकृत समुदायका छात्रछात्राहरुलाई प्राविधिक शिक्षामा बिशेष छात्रवृतिको प्रवेश परिक्षा संचालन कार्य भएको |
- वार्षिक प्रणालीको पहिलो, दोस्रो, तेस्रो र सेमेस्टर प्रणालीको पहिलो वर्षको दोस्रो खण्ड र दोस्रो वर्षको दोस्रो खण्डको परीक्षा संचालन कार्य भएको |
- प्रि-डिप्लोमा तर्फको आंशिक र एक विषय मौका परीक्षाको नतिजा प्रकाशन कार्य भएको |
- प्रि-डिप्लोमा तहको इन्जिनियरिङ्ग तर्फको अन्तिम परिक्षा संचालन भएको।
- डिप्लोमा र प्रि-डिप्लोमा तहको रजिष्ट्रेशन फारमहरू संकलन गर्ने कार्य भएको।
- डिप्लोमा (सेमेष्टर) तहको रजिष्ट्रेशन फारमहरू परिक्षा नियण्त्रण कार्यालयमा पठाइएको र प्रि-डिप्लोमा तहको रजिष्ट्रेशनको काम यसै कार्यालय बाट शुरू गर्ने कार्य भएको।
- प्रि-डिप्लोमा ईन फरेष्ट्री ( विशेष छात्रवृती)को नतिजा प्रकाशनको कार्य भएको।
- प्रि-डिप्लोमा तहको विशेष मौका परीक्षाको नतिजा प्रकाशन कार्य भएको।

- प्रि-डिप्लोमा तहको नियमित / आंशिक परीक्षाको नतिजा प्रकाशन गरियो |
- प्रि-डिप्लोमा तर्फको एक विषय मौका परीक्षा संचालन गरी सो को नतिजा प्रकाशन गरियो |
- डिप्लोमा तहको सेमेस्टर प्रणालीको प्रथम, तृतीय र पाँचौ |
- जन गुनासोलाई सम्बोधन हुने गरि प्रक्रियाहरु आगाडी बढाउने कामकाज गरियो |
- मिति २०८१/११/१२ गते परिषद् दिवस, सभ्य र भव्य रुपमा प्रभात फेरी, रक्तदान कार्यक्रम, बृक्षारोपन लगायतका विविध कार्यक्रमहरु गरी मनाईयो |
- परिषद्ले गरेको अधिकार प्रत्यायोजन बमोजिम सेवा करारमा पदपूर्ति तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कामकाज गरियो |
- व्यवस्थापन समिक्षा गोष्ठी २०८१ संचालन गरी समापन भएको |
- श्रम तथा यतायात मन्त्रालयको सहयोगमा संचालन भएको तालिमहरु को सीप परिक्षणको लागी डाटा ईन्ट्री र रूजु गर्ने कार्य भएको।
- राष्ट्रिय सिप परिक्षण समितिको कार्यतालिका अनुसार फारम संकलन, डाटा इन्ट्री, सीप परिक्षण संचालन गरि समापन गर्ने कार्य भएको |
- छोटो अवधिका तालिम संचालन गर्न चाहने संस्थाहरुको पूर्वाधार निरीक्षण गरि सम्बन्धन स्वीकृती का लागि सिफारिस गर्ने कार्य भएको |
- आ.व २०८१/०८२ को Recognition Of Prior Learning (RPL) सीप परिक्षण संचालन गरि समापन गरियो|
- आ.व २०८१/०८२ को कार्यतालिका अनुसार यस कार्यालय अन्तर्गतका सम्पूर्ण आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा संचालित शैक्षिक संस्थाहरूको गुणस्तर कायम राख्न नियमित अनुगमन गरियो ।

## 9 सूचना अधिकारी र कार्यालय प्रमुखको नाम, पद तथा सम्पर्क नं.

**सूचना अधिकारी**

नाम: सत्यदेव पंडित

पद: सूचना अधिकारी

शाखा: परिक्षा शाखा

मोबाइल: ९८५४०२११८३

**कार्यालय प्रमुख**

नाम: नागेन्द्र शाह

पद: निर्देशक

मोबाइल: ९८५४०२४०२२

## 10 ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड

### ऐन

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५

### नियमावली

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१

### विनियमावलीहरू

- प्राविधिक शिक्षालय संचालन सम्बन्धी विनियमावली, २०४९
- सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियमावली,२०४९
- आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६२
- कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छौटौं संशोधन)
- परीक्षा सम्बन्धी विनियमावली, २०७१
- पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली,२०८०

## निर्देशिकाहरू

- सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा (प्रा.एस.एल.सी. र डिप्लोमा तह) कार्यक्रम संचालन निर्देशिका, २०७२
- तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देश भित्रका लोपोन्मुख जातिका छात्रछात्रा र देशका हिमाली तथा पहाडी जिल्लाका विपन्न मुसलमान छात्राहरूले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम सञ्चालन (तेश्रो संशोधन) निर्देशिका, २०७३
- डिप्लोमा वा प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको सैद्धान्तिक परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन सम्बन्धी निर्देशिका, २०७९
- डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको प्रयोगात्मक परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९
- प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०७९ (पहिलो संशोधन २०८०)
- डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८1
- प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८1

## कार्यविधिहरू

- प्रशिक्षण भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७
- वैकल्पिक माध्यमबाट प्रशिक्षण संचालन कार्यविधि, २०७७
- छोटो अवधिको सीपमुलक तालीम संचालन कार्यविधि, २०७७ (संशोधन सहित)
- सेवा करारमा व्यक्ति छनोट सम्बन्धी कार्यविधि, २०७८ (संशोधन सहित)
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि, २०७८ (संशोधन सहित)
- इन्टर्न व्यवस्थापन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०)

- प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवासीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स्थगन, परिवर्तन, समायोजन, हस्तान्तरण र सम्बन्धन रद्द सम्बन्धी कार्यविधि, २०७९
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०/८१

**मापदण्डहरू**

- विषयगत प्रयोगात्मक अभ्यास मार्फत शिक्षालय द्वारा समुदायमा प्राविधिक सीप हस्तान्तरण मापदण्ड, २०८०
- प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तह मार्फत अनुदान वितरण मापदण्ड, २०८०
- कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड, २०८१

## 11 आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

चालु आ.व.०८1/२082 को लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् मधेश प्रदेश कार्यालयको स्वीकृत बजेट देहाय अनुसार रहेको छ।

- नेपाल सरकारको अनुदान -७ करोड 92 लाख 68 हजार
- आन्तरिक श्रोत तर्फ -45 लाख 66 हजार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् मधेश प्रदेश कार्यालयको पहिलो त्रैमासिकसम्मको प्रगति अनुसूची २ मा दिइएको छ।

## 12 परिषद् मधेश प्रदेश कार्यालयको वेबसाइट

परिषद् मधेश प्रदेश कार्यालयको वेबसाइट: www.ctevtP2.org.np

परिषद् केन्द्रिय कार्यालयको वेबसाइट: www.ctevt.org.np

परीक्षा नियन्त्रण कार्यालको वेबसाइट: www.ctevtexam.org.np

राष्ट्रिय सीप परीक्षण समितिको वेबसाइट: www.nstb.org.np

प्राविधिक प्रशिक्षण प्रतिष्ठानको वेबसाइट: www.titi.org.np

## 13 परिषद् मधेश प्रदेश कार्यालयको सूचना तथा जानकारी प्रकाशन हुने अन्य स्थानको विवरण

परिषद् मधेश प्रदेश कार्यालयसँग सम्बन्धित सूचना तथा जानकारीहरू परिषद् मधेश प्रदेश कार्यालयको वेबसाइट, फेसबुक पेजमा र परिषद्को सूचना तथा अनुसन्धान महाशाखाको बुलेटिनमा प्रकाशन हुने गरेको छ। परिषद् मधेश प्रदेश कार्यालयसँग सम्बन्धित महत्वपूर्ण सूचनाहरू गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन हुने गर्दछन्।

## 14 सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

२०८1 कार्तिक देखि 2081 पौस सम्म परिषद् मधेश प्रदेश कार्यालयमा सूचनाको माग गरी लिखित निवेदन प्राप्त नभएता पनि सूचना अधिकारीको इमेल र टेलिफोनमा विभिन्न व्यक्तिहरूले सूचना माग गर्ने गरेको र निजहरूलाई सोही माध्यमबाट नियमित रूपमा सूचना उपलब्ध गराउनुका साथै सम्बन्धित शाखा तथा पदाधिकारीहरूलाई सोको जानकारी सम्प्रेषण गर्ने कार्य भएको छ।

# अनुसूची १: नागरिक बडापत्र

## परिषद् मधेश प्रदेश कार्यालय
## जनकपुरधाम, धनुषा

## नागरिक बडापत्र

| सि.नं. | सेवाको विवरण | आवश्यक कागजातहरू | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रि-डिप्लोमा तहको मार्कसिटको प्रतिलिपी | निवेदन, नागरिकता प्रमाण( पत्रको, प्रवेश पत्रको प्रतिलिपी/रजिष्ट्रेशन कार्डको प्रतिलिपी, प्रहरीको प्रतिवेदन | रु. २००।- | सोही दिन | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| २ | प्रि(डिप्लोमा तहको मार्कसिट सच्याउने | निवेदन, नागरिकता प्रमाण(पत्र, SEE को मार्कसिट र प्रवेश पत्रको प्रतिलिपी तथा सच्याउनु पर्ने सक्कल मार्कसिट | रु. २००।- | सोही दिन | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ३ | प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपी | निवेदन र नागरिकता प्रमाण( पत्रको प्रतिलिपी | रु. ५००।- | सोही दिन | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ४ | बार्षिक/सेमेष्टर परीक्षाको प्रवेश पत्रको प्रतिलिपी | निवेदन, नागरिकता प्रमाण( पत्रको, रजिष्ट्रेशन कार्डको प्रतिलिपी वा बिद्यार्थी परिचय पत्रको प्रतिलिपी | रु. ५०।- | सोही दिन | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ५ | डिप्लोमा तहको परीक्षाको पुनर्योगको लागि निवेदन संकलन | निवेदन, प्रवेश पत्रको र मार्कसिट वा मार्क लेजरको प्रतिलिपी | रु. ५००।- प्रति बिषय | नतिजा प्रकाशन भएको २१ दिनभित्र | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ६ | प्रि-डिप्लोमा तहको परीक्षाको पुनर्योगको लागि निवेदन संकलन | निवेदन, प्रवेश पत्रको र मार्कसिट वा मार्क लेजरको प्रतिलिपी | रु. ३००।- प्रति बिषय | नतिजा प्रकाशन भएको २१ दिनभित्र | परीक्षा | निर्देशक/उप-निर्देशक | |

| सि.नं. | सेवाको विवरण | आवश्यक कागजातहरू | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७ | डिप्लोमा तहको मार्क लेजर बितरण | सम्बन्धित संस्थाको पत्र | - | परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त भएपछि | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ८ | प्रि-डिप्लोमा तहको मार्कसिट बितरण | सम्बन्धित संस्थाको पत्र | - | १ हप्ता | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ९ | रजिष्ट्रेशन फाराम संकलन/बुझ्ने | संस्थाको पत्र, समष्टिगत बिवरण(३ प्रति र शुल्क जम्मा गरेको सक्कल बैंक भौचर | - | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| १० | परीक्षा फाराम संकलन/बुझ्ने (नियमित तर्फ) | संस्थाको पत्र, समष्टिगत बिवरण(३ प्रति, आन्तरिक मूल्यांकन सिट( ३ प्रति, रजिष्ट्रेशन कार्डको प्रतिलिपी ( प्रथम बर्षको) र शुल्क जम्मा गरेको सक्कल बैंक भौचर | - | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| ११ | परीक्षा फाराम संकलन/बुझ्ने (आंशिक तर्फ) | संस्थाको पत्र, समष्टिगत बिवरण(३ प्रति, मार्कसिटको प्रतिलिपी र शुल्क जम्मा गरेको सक्कल बैंक भौचर | - | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार | परीक्षा | निर्देशक/उप-निर्देशक | |
| १२ | सिप प्रमाण पत्र बितरण | नगरिकताको प्रतिलिपी र प्रवेश पत्रको प्रतिलिपी | रु. १५०।- | सीप परीक्षण कार्यालयबाट प्राप्त भएपछि | तालीम | निर्देशक/उप-निर्देशक | |

## प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, मधेश प्रदेश कार्यालयबाट सम्पादन हुने सेवा/कार्यहरुः

| क्र.सं. | कार्यको बिवरण | समय तालिका |
|---|---|---|
| १ | प्रवेश परीक्षा संचालन | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार |
| २ | बार्षिक/सेमेष्टर परीक्षा संचालन | परीक्षा नियन्त्रण कार्यालयको सूचनानुसार |
| ३ | छोटो अवधिको सीप मूलक तालीमहरु संचालन | स्विकृत बजेट तथा कार्यक्रम अनुसार |

| | | |
|---|---|---|
| ४ | छोटो अवधिको तालीम संचालन गर्न ईच्छुक संस्थाहरुको स्थलगत अध्ययन तथा पुर्वाधार निरिक्षण | प्राप्त आवेदन संख्या अनुसार समय निर्धारण गरिने (नियमित) |
| ५ | सामुदायिक बिद्यालयमा प्राबिधिक शिक्षा संचालन गर्न ईच्छुक बिद्यालयहरुको स्थलगत अध्ययन तथा पूर्वाधार निरिक्षण, | परिषद् टेक्स महाशाखाको सूचनानुसार |
| ६ | परिषद् प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरुको नियमित अनुगमन | बार्षिक तालिका अनुसार |
| ७ | सीप परिक्षण संचालन गर्ने गराउने | सीप परिक्षण समितिको सूचनानुसार |
| ८ | प्राबिधिक प्रशिक्षण प्रतिष्ठानसंग समन्वय गरी प्रशिक्षकहरुको लागि तालीम संचालन | प्राबिधिक प्रशिक्षण प्रतिष्ठानको सूचनानुसार |
| ९ | प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी परामर्श सेवा/जानकारी | संघ/संस्था/व्यक्तिको माग अनुसार |

नोटः

१. नजिता प्रकाशन भएको २१ दिन भित्र पुनर्योगका लागि निवेदन दिन सकिनेछ।
२. यस कार्यालयबाट जारी भएका कुनै पनि प्रमाण(पत्रहरु राम्ररी हेरी बुझिलिनु हुन अनुरोध छ। नतिजा प्रकाशन भएको मितिले ३५ दिन भित्र प्रमाण(पत्र सच्याउनु परेमा सक्कल प्रमाण(पत्र सहित सम्पर्क राख्न आएमा निःशुल्क अर्को प्रमाण(पत्र उपलब्ध गराईने छ।
३. आफ्ना शैक्षिक प्रमाण(पत्रहरु सुरक्षित र संरक्षण गरी राख्नु हुन बिद्यार्थीहरुमा अनुरोध छ।
४. बिद्यार्थीले शुल्क तिरेको रसिद बिना प्रमाण(पत्रहरु दिन नसकिने जानकारी गराईन्छ।
५. तोकिएको आवश्यक कागजातहरु नभएको खण्डमा माथि उल्लेखित समयमा प्रमाण(पत्रहरु उपलब्ध हुन सक्ने छैन।

| | |
|---|---|
| थप जानकारीको लागि<br>परिषद् मधेश प्रदेश कार्यालय<br>जनकपुरधाम, धनुषा<br>मो.नं. ९८५४०२११८२,९८५४०२११८३<br>इमेलःctevt.province2@gmail.com,ctevtp2prasasan@gmail.com<br>वेबसाइटःwww.ctevtp2.org.np | सूचना अधिकारीको सम्पर्क नं. ९८५४०२११८३<br>इमेलःctevtmadhshexam@gmail.com |

## अनुसुची २: परिषद् मधेश प्रदेश कार्यालयको पहिलो त्रैमासिक प्रगती विवरण २०८१/०८२

| नाम | कुल | | पहिलो त्रैमासिक प्रगती | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | परिमाण | लक्ष्य | | प्रगति | | | |
| | | | परिमाण | बजेट | बजेट | परिमाण | भौतिक% | वित्तीय% |
| परिषद् मधेश प्रदेश कार्यालय | 83834000.00 | 52583 | 52583 | 83834000.00 | 60438483.00 | 52535.5 | 99.91 | 72.09 |
| कुल | 83834000.00 | 52583 | 52583 | 83834000.00 | 60438483.00 | 52535.5 | 99.91 | 72.09 |